नेपाल सरकार

# स्वास्थ्य मन्त्रालय

भूकम्प पश्चात् क्षतिग्रस्त स्वास्थ्य संस्थाहरुको पुनर्निर्माण/पुनर्स्थापना सम्बन्धमा आयोजित पत्रकार अन्तर्क्रियामा वितरित प्रेस सारांश

२०७२ साल बैशाख १२ गते गएको विनाशकारी भूकम्प तथा त्यस पछिका पराकम्पनहरुबाट ठूलो मानवीय तथा भौतिक संरचनाको क्षति भएको छ । यसै क्रममा स्वास्थ्य सेवा प्रदान गर्दै आएका बिभिन्न स्वास्थ्य संस्थाहरुको पनि क्षति भएका कारण स्वास्थ्य सेवा प्रवाह समेत प्रभावित भएको थियो । यसका लागि स्वास्थ्य मन्त्रालयले प्रभावित समुदायसम्म स्वास्थ्य सेवाको पहुँच पुर्याउन केन्द्रीय स्तरको कार्य समिति गठन गरी हरेक जिल्लामा भएको स्वास्थ्य संस्थाहरुको क्षतिको विवरण संकलन गरी त्यसका आधारमा राहत, नियमित स्वास्थ्य सेवा प्रदान गर्ने रणनीति र स्वास्थ्य संस्थाको पुनर्निर्माण/पुनर्स्थापनाका लागि प्रयासहरु गरिएका थिए । यीनै प्रयासहरुका बिषयमा आम सञ्चारका माध्यम मार्फत जानकारी गराउने उद्देश्यले यस पत्रकार अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको छ ।

## भूकम्प पश्चात् स्वास्थ्य क्षेत्रमा भएको क्षति

उक्त विनाशकारी महाभूकम्पबाट ८७०२ जनाको दु:खद निधन भएको थियो भने २२ हजार भन्दा बढी सर्वसाधारण घाइते भएका थिए । त्यसमध्ये मृत्यु हुनेमा ८ जना स्वास्थ्यकर्मी र १० जना स्वयंसेविका थिए भने घाइते हुनेमा ६८ जना स्वास्थ्यकर्मीहरु थिए । भूकम्पको तत्कालै गरिएको Post Disaster Need Assessment (PDNA) को प्रतिवेदन अनुसार जम्मा स्वास्थ्य क्षेत्रमा मात्र करीव ७.५४ अर्व रुपैंया बराबर भएको क्षति भएको अनुमान गरिएको थियो । भूकम्प पश्चात् तयार गरिएको PDNA प्रतिवेदनका आधारमा पुनर्निर्माण कार्य प्रारम्भ भएतापनि वास्तविक क्षति पहिचान गर्न स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम र जि.आई. जेडको आर्थिक तथा प्राविधिक सहयोगमा भूकम्पबाट अति प्रभावित १४ वटा जिल्लाका स्वास्थ्य संस्थाको विस्तृत इञ्जिनियरिङ्ग अध्ययन गराइएको थियो । उक्त अध्ययन अनुसार निम्नानुसार क्षति भएको विवरण प्राप्त भएको छ ।

### स्वास्थ्य संस्थाको भवन व्लक अनुसारको क्षति विवरण

| **क्षतिको किसिम** | **भवन ब्लकको संख्या** |
|---|---|
| पूर्ण क्षति | ४७४ |
| आंशिक क्षति | ४६० |
| क्षति नभएको | ३६७ |
| **जम्मा भवनको ब्लक संख्या** | **१३०१** |

### स्वास्थ्य संस्था अनुसार क्षतिको विवरण

| **क्षतिको प्रकार** | **स्वास्थ्य संस्थाहरुको संख्या** | |
|---|---|---|
| पूर्ण क्षति | | 358 |
| आंशिक क्षति | | 311 |
| क्षति नभएको | | 115 |
| **जम्मा** | | **784** |

**<u>पुनर्निर्माण तथा पुनर्स्थापनाका प्रयासहरु तथा त्यसको प्रगति विवरणः</u>**

स्वास्थ्य सेवाको पुनर्स्थापना तथा पुनर्निर्माणको कार्य कार्यान्वयन गर्नका लागि केन्द्रीय स्तरमा स्वास्थ्य मन्त्रालय, नीति योजना तथा बैदेशिक सहयोग महाशाखाको अगुवाइ र दातृनिकायहरुको संलग्नतामा केन्द्रीय कार्यसमिति गठन भई पुनर्निर्माण/पुनर्स्थापनाको रणनीति तयार गरिएको थियो, जस अनुसार पुनर्निर्माणका लागि अल्पकालीन कार्यक्रमहरु २०७२ को आषाढ मसान्त, मध्यकालीन कार्यक्रमहरु आ.ब. २०७२/७३ सम्म र दीर्धकालीन कार्यक्रमहरु २०७३/७४-२०७६/७७ सम्ममा सम्पन्नगर्ने रणनीति लिइएको छ । यस रणनीति अन्तर्गत निम्नानुसार प्राथमिकताहरु ताकिएका थिए ।

1. क्षतिग्रस्त स्वास्थ्य पूर्वाधारहरुको पुनर्स्थापना गर्ने
2. स्वास्थ्य सेवा प्रवाहको पुनर्स्थापना गर्ने
3. स्वास्थ्य सेवाका थप आवश्यकताहरुलाई सम्वोधन गर्ने
4. क्षतिग्रस्त स्वास्थ्य उपकरण तथा सामग्रीहरुको पुनर्स्थापन गर्ने

यी मध्ये मध्यकालीन कार्यक्रम अन्तर्गत अति प्रभावित १४ जिल्लाहरुमा तुरुन्त पुनर्निर्माण र सेवाको पुनर्स्थापनाको लागि छिटो निर्माण गर्न सकिने प्रिफ्याव प्रविधिमा संरचनाहरु निर्माण गर्ने र विविध स्वास्थ्य कार्यक्रमहरु सञ्चालन गर्ने गरी बिभिन्न संघसंस्थाबाट प्रस्ताव आब्हान भएको थियो । अर्थ मन्त्रालयको सहमतीमा यस मन्त्रालयले स्वास्थ्य पूर्वाधारहरुको पुनःनिर्माण र स्वास्थ्य सेवा प्रवाहको पुनर्स्थापनाका लागि निम्नानुसार कार्यहरु गरिएका छन् ।

- **Post Disaster Need Assessment (PDNA)**: भूकम्पको प्रारम्भिक क्षति मूल्यांकन तथा क्षतिको आंकडा प्राप्त गर्न भूकम्प लगत्तै तुरुन्तै नेपाल सरकारको निर्देशानुसार क्षेत्रगत आधारमा PDNA प्रतिवेदन तयार गरिएको थियो ।
- **प्राविधिक उप-समितिको गठन** : सम्झौताका लागि आएका प्रस्तावहरु अध्ययन गर्न प्राविधिक उप-समितिको गठन गरिएको छ । यस उप-समितिमा बसी प्राविधिक कार्य गर्नका लागि स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रम, जी.आइ.जेड. र आर.टी.आई. बाट प्राविधिक जनशक्ति उपलब्ध गराइएको छ । उक्त उप-समितिबाट निम्नानुसार कार्यसम्पादन मार्फर्त मन्त्रालयलाई प्राविधिक सहयोग गर्दै आएको छ ।
    - पुनःनिर्माण र पुनर्स्थापनाको लागि प्रिफ्याव भवन निर्माण सम्वन्धी स्याण्डर्ड डिजाइन र निर्माण निर्देशिका तयार गर्ने
    - सम्झौताको लागि प्राप्त प्रस्तावहरुको विस्तृत अध्ययन गरी सिफारिस गर्ने
    - क्षतिको विस्तृत इन्जिनियरिङ्ग अध्ययन गर्ने
    - क्षतिको विस्तृत इन्जिनियरिङ्ग अध्ययनबाट प्राप्त सूचना तथा विश्लेषणहरुलाई वेभसाइटमा प्रकाशन गरी सार्वजनिक गर्ने (हेर्नुस् www.nhsp.org.np)
    - साझेदार संस्थाहरुलाई पुनःनिर्माण तथा पुनर्स्थापना कार्यमा प्राविधिक सहयोग दिने
- **सम्झौता (Memorandum of Understanding - MoU)**: यस मन्त्रालयले स्वास्थ्य भवनहरुको पुनःनिर्माण र स्वास्थ्य सेवा प्रवाह पुनर्स्थापनाका लागि हाल सम्ममा विभिन्न ४५ वटा राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थाहरु सँग सम्झौता (MoU) गरिसकेको छ । सो सम्झौता अनुरुप ३२२ स्वास्थ्य संस्थाहरुको प्रिफ्याव प्रविधिमा संरचनाहरु निर्माण गर्ने र आंशिक क्षति भएका भवनहरुको मर्मत गर्ने भएको छ । करिव रु. ४.१७ अर्व रकम बरावरको कार्यको लागि भएको सम्झौता अनुसार ती संस्थाहरुको निम्नानुसार प्रकृतिको कार्यक्रमहरु सञ्चालन भइरहेको छ । हालको इन्धन अभाव तथा

अघोषित नाकावन्दीका कारण निर्माणकार्यमा बाधाहुन गई अपेक्षित गतिमा कार्य सञ्चालन हुन सकिरहेको छैन ।

| **कार्यक्रमको किसिम** | **खर्च गर्न प्रस्तावित रकम** |
|---|---|
| पुन:निर्माण कार्य | १.५१ अर्व |
| मर्मत सम्भार कार्य | २.८७ करोड |
| स्वास्थ्य उपकरण तथा सामग्री पुनर्स्थापना | २.०९ अर्व |
| स्वास्थ्य सेवा पुनर्स्थापनाका कार्यक्रमहरु | ५२.५७ करोड |
| **जम्मा** | **४.१६ अर्व** |

- **अनुगमन:** पुनर्निर्माण कार्यको अनुगमन तथा गुणस्तर नियन्त्रण गर्नका लागि सम्झौतामा महत्वपूर्ण शर्तहरुको व्यवस्था गरिएको छ । यस अनुसार मन्त्रालयले तोके बमोजिमको ढाँचामा प्रस्तावना पेश गर्ने, कार्यक्रमको उद्देश्य, अपेक्षित उपलब्धी, बजेटको सुनिश्चिता, पूर्वाधार निर्माणको डिजाइन, उपकरणहरुका स्पेशिफिकेशन, विस्तृत कार्ययोजना, समय सीमा, मानव संसाधन लगायतका विवरणहरु अनिवार्य पेश गर्नुपर्ने, र ती कार्यक्रम सञ्चालनका लागि सम्बन्धित जिल्ला जन/स्वास्थ्य कार्यालयको सिफारिश अनिवार्य संलग्न गरिनु पर्ने प्रावधान छ । यस वाहेक साझेदार संस्थाले आफ्नो पुन:निर्माण तथा पुनर्स्थापना कार्यको प्रगति प्रतिवेदन मासिक रुपमा यस मन्त्रालयमा पेश गर्नु पर्ने प्रावधान छ । यस सम्झौता अनुसार पुन:निर्माण कार्यको प्रगति प्रतिवेदन मार्फत निरन्तर अनुगमन गर्ने लगायत मन्त्रालयका पदाधिकारीहरुबाट स्थलगत अनुगमन समेत हुँदै आएको छ । यसै क्रममा जिल्ला स्वास्थ्य कार्यालय र साझेदार संस्थाहरु सँग दुई चरणमा समीक्षा गाष्ठी आयोजना गरिएको छ ।
- **सहयोग राशी वितरण:** स्वास्थ्य मन्त्रालयलाई WHO, Nick Simon र दैवीप्रकोप कोषबाट प्राप्त भएको रकम जम्मा रु. १७ करोड ४१ लख मध्ये घाइतेको स्वास्थ्योपचार, स्वास्थ्य संस्थाको मर्मत सम्भार तथा मेजर अपरेशनको लागि जम्मा रु. १६ करोड १३ लाख सरकारी तथा निजी अस्पतालहरुमा वितरण गरिएको थियो।
- **स्थायी संरचना निर्माणका लागि सहकार्य:** केन्द्रीय स्तरका स्वास्थ्य संस्थाहरु मध्ये क्षतिग्रस्त बीर अस्पतालका भवनहरु, परोपकार तथा प्रसुती अस्पतालको भवन आगामी २ बर्षभित्र पुनर्निर्माण सम्पन्न गर्ने गरी जापानी अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA) सँग सम्झौता भई नक्सा डिजाइन तयार गर्ने कार्य भइरहेको छ । यसै गरी गोरखा, रामेछाप, रसुवा र जिरी अस्पतालको पुनर्निर्माणका लागि जर्मन विकास बैंक (KfW) र नुवाकोट अस्पतालको पुनर्निर्माणका लागि कोरियाली अन्तर्राष्ट्रिय सहयोग नियोग (KOICA) बाट सहयोग प्राप्त हुने निश्चित भइसकेको छ । यस बाहेक सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे प्राथमिक स्वास्थ्य केन्द्रको पुनर्निर्माणका लागि USAID को सहयोग गर्ने सम्वन्धमा सम्झौता हुन अन्तिम चरणमा रहेको छ भने सिन्धुपाल्चोकको चौतारा अस्पतालको पुनर्निर्माणका लागि चीन सरकारबाट प्रतिबद्धता प्राप्त भएको छ ।

*समाप्त*